

धनुषामा माननीय संविधानसभा सदस्य डा.चन्द्रमोहन यादवको निजी वन प्रवर्द्धन अवलोकन



जि.व.का. वारामा सामाजिक परिचालक तयारी कोचिङ तथा परिचालन



जि.व.का. ईलाममा जडिवुटी समेतको विरुवा उत्पादन



पर्सामा प्रवर्द्धन गरिएको निजी वन कार्यक्रम

## अन्य कृयाकलापहरु

- स्कूल वन हरियाली कार्यक्रम
- निजी वन विकास तथा दर्ता प्रोत्साहान र प्रचार प्रसार
- निजी क्षेत्र/निजी वन सञ्जालसंग समन्वय गरी जडिवुटि प्रशोधन प्लान्ट स्थापना
- निजी नर्सरी स्थापना गर्न सिचाई, सामाग्रीका लागि अनुदान
- निजी नर्सरी स्थापनाको लागि अनुदान
- निजी नर्सरी वाट विरुवा खरिद
- निजी वन प्रवर्द्धनका लागि प्रचार प्रसार सामाग्री
- जडिवुटी प्रवर्धन कार्यक्रमः तथा जडिवुटी संभाव्यता अध्ययन र कार्ययोजना तयारी
- निजी वन प्रोत्साहान कार्यसंचालन निर्देशिका तयारी
- निजी वनको अनुगमन तथा मूल्याङ्कन पुस्तिका तयारी तथा प्रकाशन
- प्रचार प्रसार सामाग्री उत्पादन प्रसारण
- किसानले रुचाएका महत्वपूर्ण प्रजातिको संवर्धन पुस्तिका प्रकाशन तथा वितरण
- तराईको नदी उकास क्षेत्रको पहिचान
- सबै उपक्षेत्रको लागि वन दशक कार्यक्रमको दश वर्षे कार्ययोजना तयारी

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

# वन दशक (२०७१-२०८०) कार्यक्रमः

## संक्षिप्त जानकारी

"एक घर एक रुख, एक गाउँ एक वन, एक नगर अनेक उद्यान"

## वन विभाग

बबरमहल, काठमाण्डौ, २०७२

## पृष्ठभूमि

नेपाल सरकारले आ. व. २०७१/०७२ को बजेट वक्तव्य मार्फत वि.सं.२०७१-२०८० अवधिलाई वन दशक घोषणा गरेको हो । नेपालमा वन क्षेत्रको सेवाबाट टाढा रहेका ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायको दैनिक जीवनयापनका लागि अत्यावश्यक घाँस, दाउरा, काठ, जडिबुटी तथा गैरकाष्ठ वनपैदावार र वातावरणीय सेवा जस्ता अत्यावश्यक बस्तु एवम् सेवा उपलब्ध गराउने, शहरी क्षेत्रमा हरियाली प्रबर्द्धन गर्ने र युवाहरुलाई वन संरक्षण तथा विकासमा सरिक गराई वन संरक्षण, विकास र सदुपयोगलाई राष्ट्रिय अभियानका रुपमा संचालन गर्ने उद्देश्यले यो कार्यक्रम शुरु गरिएको हो ।

देशव्यापी रुपमै वृक्षारोपण र वन विकासमा आम नागरिक लगायत विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रलाई उत्प्रेरित तथा परिचालन गरी हरियाली बढाउने उद्देश्यले यो कार्यक्रम परिलक्षित छ । यस कार्यक्रमले देशको कुल भू-भागको कम्तिमा ४० प्रतिशत वनक्षेत्र कायम गर्न थप मद्दत पुर्याउने छ । तराई क्षेत्रका दक्षिणी भेगमा बसोबास गर्ने जनतालाई आफैले लगाएर हुर्काएको रुख विरुवाबाट वन पैदावारको उत्पादन तथा वन क्षेत्र एवम् यसको उत्पादकत्व वढाउन र वन तथा भू-संरक्षण मन्त्रालयको दीर्घकालीन सोच "समृद्धिका लागि वन" प्राप्तिका लागि समेत यो कार्यक्रमले टेवा पुर्याउनेछ ।

वन दशक कार्यक्रम अन्तर्गत यस वर्षको लागि **"एक घर एक रुख, एक गाँउ एक वन, एक नगर अनेक उद्यान"** को नारा तय भएकोमा सोही वमोजिम वन दशक कार्यक्रम तर्जुमा भई वन विभाग तथा अन्तर्गतका जिल्ला वन कार्यालय मार्फत कार्यक्रम कार्यान्वयन भईरहेको छ । साथै यसलाई वि.सं.२०८० सम्म निरन्तरता दिइने छ । यो कार्यक्रम सहकारी, सामुदायिक तथा निजी क्षेत्रसंग सहकार्य गरी कार्यान्वयन गर्दा वनजन्य उत्पादनमा वृद्धि, रोजगारी सिर्जना एवम् स्थानीय समुदायको जीविकोपार्जन सुधार तथा हरियाली प्रवर्द्धन हुने अपेक्षा गरिएको छ ।

वन दशक कार्यक्रमले निजी वन प्रबर्द्धनलाई विशेष जोड दिइएको छ । निजी वन संजाल गठन गरि निजी वन दर्ता गर्न विशेष प्रोत्साहन कार्यक्रम लागु गरिएको छ । भविष्यमा निजी वन धनीलाई प्रोत्साहन गर्ने, निजी वन उद्यम स्थापना र निजी वनको वन पैदावार सघन रुपले विक्री वितरण गर्न कार्यविधी तयार गर्ने सोच यस कार्यक्रमको रहेको छ ।

## वन दशक कार्यक्रमका लक्ष्यहरु

- तराई ,चुरे तथा पहाड क्षेत्रका निजी, सार्वजनिक २६००० हेक्टर वन क्षेत्रमा पुनरोत्पादन संरक्षण तथा वृक्षारोपण गर्ने ।
- २ लाख हेक्टर वन क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन गर्ने ।
- निजी वन क्षेत्रको विकासमा कम्तिमा ३ गुणा वृद्धि गर्ने ।
- कूल क्षेत्रफलको २५ प्रतिशत भाग संरक्षित वन व्यवस्थापन प्रणाली भित्र ल्याउने ।
- वन डढेलो नियन्त्रणमा ९० प्रतिशत कमी ल्याउने ।
- हरेक एक गाविसमा एक वन डढेलो नियन्त्रण दस्ता गठन गर्ने ।
- हरेक जिल्लामा कम्तीमा ५।५ चरिचरण मुक्त वन क्षेत्रहरु वनाउने ।
- थप १० Biological Corridor (जैविक मार्ग) को पहिचान, पुर्नस्थापना तथा व्यवस्थापन गर्ने ।
- अतिक्रमण भएका वन क्षेत्र मध्ये कम्तिमा ५० प्रतिशत वन क्षेत्रको अतिक्रमण हटाई पुर्नस्थापना गर्ने ।
- कम्तीमा १० नगर क्षेत्रमा नगर उद्यान स्थापना गर्ने ।
- कार्यक्रम कार्यान्वयन वाट कम्तिमा १ लाख हरित रोजगारी सिर्जना गर्ने ।
- वन उद्यम, दिगो वन व्यवस्थापन, कृषि वन सम्वन्धी सीपमुलक तालिम ५०० वटा संचालन गरी कम्तीमा १०,००० अतिरिक्त दक्ष जनशक्ति उत्पादन गर्ने ।

## वन दशक कार्यक्रम लागु भएका जिल्लाहरु

- वन दशक कार्यक्रम मुलुकभर लागू भएको हो ।
- आ.व. २०७१।०७२ मा यो कार्यक्रम पूर्वी तराईका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ र झापामा गरी ११ जिल्लामा सघन रुपमा लागु गरिएको छ
- यस आर्थिक वर्षमा नेपालका ५८ नगरपालिकाहरुमा **"एक नगर अनेक उद्यान कार्यक्रम"** लागू गरिएको छ ।
- जडिवुटि प्रवर्धन कार्यक्रम अन्तर्गत काभ्रेमा वोधिचित्त लौठ सल्ला, धनकुटा, भोजपुर, संखुवासभा, पांचथर र तेह्रथुममा रुद्राक्ष, पाल्पामा तेजपात, पर्वतमा लप्सी, सल्यान, रोल्पा, रुकुममा टिमुर र कास्कीमा श्रीखण्ड आदि रोपण गर्ने कार्यक्रम रहेको छ ।
- आगामी आर्थिक वर्षवाट क्रमशः अन्य बांकी जिल्ला तथा नगरपालिकाहरुमा समेत वन दशक कार्यक्रम विस्तार गरिनेछ।

## वन दशक कार्यक्रमलाई प्रभावकारी बनाउन संचालित प्रमुख क्रियाकलापहरु



जि.व.का. मोरङमा सामाजिक परिचालकहरु वन दशक कार्यक्रमको प्रचार प्रसार गर्न प्रस्थान गर्दै